**पाँचखाल नगरपालिका वार्ड न. ९, ११ र १२ मा भएको Food Poisoning (बिसाक्त खाना सेवन) को घटना सम्बन्धमा मिती २०७५ भाद्र २५ गते स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको प्रेस विज्ञप्ति (#२)**

स्थानीय स्वावलंबन सहकारी सस्थाले तीजको अबसरमा आयोजना गरेको मिति २०७५ भाद्र २२ को दर खाने कार्यक्रममा करिब ५९० जना स्थानीयहरु सहभागी रहेको र सहभागीहरुले खाना (दर) खाए पश्चात करीब ६ घण्टा पछि बान्ता आउने तथा पेट दुख्ने, ज्वरो आउने जस्ता लक्षणहरु देखा परेका थिए | जम्मा बिरामी संख्या **५१६** अभिलेखीकरण गरीएको छ | बिरामी संख्या नामावली सहितको बिवरण भीडान गर्दा केहि कमी हुन सक्ने देखिन्छ | हालसम्म को culture बाट प्राप्त विवरण अनुसार १ जनामा Shigella (आउँ) देखीएको छ भने खाना, पानि तथा दिशा सम्बन्धी जाँचको प्राप्त नतिजा अनुसार पछि जानकारी गराइने छ |

उक्त दिन देखि नै प्रभावितहरुको उपचार तपसिल अनुसारका अस्पतालहरुमा आज बिरामी भर्नाको **२:०० बजे सम्मको** विवरणः-

| क्र.स. | उपचाररत अस्पतालको नाम | जम्मा उपचार भएका | आजको बिरामी संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | धुलिखेल अस्पताल | १७५ | ११४ | ६८ डिस्चार्ज, ३ ICU (अवस्था स्थिर) (६० बर्ष, १२ बर्ष, १० बर्ष ) |
| २ | शिर मेमोरियल अस्पताल | ८५ | ६८ | १० डिस्चार्ज, ७ रिफर गरिएको |
| ३ | पाटन एकेडेमी अफ हेल्थ साइन्स | ११ | २ | ९ डिस्चार्ज, १ ICU (अवस्था सुधारोन्मुख, २७ बर्ष) |
| ४ | बालुवा हेल्थ सेन्टर काभ्रे | ३५ | - | ३३ डिस्चार्ज, २ रिफर गरिएको |
| ५ | पाँचखाल प्राथमिक स्वास्थ्य केन्द्र | ६९ | - | ५९ डिस्चार्ज, १० रिफर गरिएको |
| ६ | पाँचखाल पोलिक्लनिक | ३२ | - | २६ डिस्चार्ज, ६ रिफर गरिएको |
| ७ | बनेपा अस्पताल | ५ | ५ | अवस्था सामान्य |
| ८ | हेल्थ क्याम्प, भावना मा .बि., बालुवा | ९२ | - | रिफर गरीएको बिभिन्न अस्पताल |
| ९ | निजामती अस्पताल | २ | - | पाँचखाल पोलिक्लिनिक बाट रिफर गरिएको (डिस्चार्ज) |
| १० | त्रि.बि. शिक्षण अस्पताल | १ | १ | अवस्था स्थिर |
| ११ | कान्ती बाल अस्पताल | ५ | २ | ३ डिस्चार्ज |

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
रामशाहपथ, काठमाडौं

| क.स. | उपचाररत अस्पतालको नाम | जम्मा उपचार भएका | आजको बिरामी संख्या | कैफियत |
|---|---|---|---|---|
| १२ | श्री वीरेन्द्र अस्पताल | १ | १ | विरामी ठिक भई हाल चोटपटक लागेर भर्ना भएको |
| १३ | काठमाडौं मेडिकल कलेज शिक्षण अस्पताल | ३ | - | ३ डिस्चार्ज |
| | जम्मा | ५१६ | १९३ | |

घटना घटेको दिन मिति २०७५/०५/२३ गते शनिबारनै सचिवज्यूको निर्देशनमा स्वास्थ्य सेवा विभागका महानिर्देशकज्यूको नेतृत्वमा स्वास्थ्य मन्त्रालय गुणस्तर मापन तथा नियमन प्रमुख, स्वास्थ्य आपतकालीन तथा विपद व्यवस्थापन इकाई प्रमुख तथा बिश्व स्वास्थ्य संगठन लगायत जिल्लाको RRT, प्रमुख जिल्ला अधिकारी तथा प्रहरी बलको संयुक्त टोलिले घटनास्थलको स्थलगत अध्ययन गरि आबश्यक स्वास्थ्य सेवा तथा उपचार मा सहजीकरण गरेको |

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय HEOC मार्फत स्थानीय रुपमा प्रत्यक्ष सेवा पुर्याउने धुलिखेल अस्पताल, शिर मेमोरीअल, पाटन अस्पताल, जिल्ला प्रशासन कार्यालय, जिल्ला स्वास्थ्य कार्यालय, खाद्य प्रबिधि तथा गुण नियन्त्रण बिभाग, पाँचखाल प्राथमिक स्वास्थ्य केन्द्र, सम्बन्धित स्थानीय नगरपालिका लगायात संग स्थलगत रुपमा समन्वय, परीचालन तथा निरन्तर सम्बाद, समन्वय तथा बिरामीहरुको अबस्थाको बारे निरन्तर फलोअप गरिरहेको छ | साथै इपिडीमियोलीजीकल अन्वेषण गर्ने कार्य निरन्तर रहेको छ |

मिति २०७५/०५/२४ गते बिहान १०.०० बजे स्वास्थ्य तथा जनसंख्या सचिब्ज्युको नेतृत्वमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा बसेको बैठकले बिरामीको उपचारमा अझै बिशेस ध्यान दिदै सहजीकरण गर्न, घटनाको बिस्तृत Epidemiological अन्वेषण गर्ने र समन्वय गरी उपचार एवम् अन्य व्यवस्थापन गर्ने निर्णय गरेको छ |

सम्बन्धित ३ नं. प्रदेश सरकार, जि.स.स. काभ्रे, स्थानीय तह पाँचखाल नगरपालिका लगायत बिभिन्न संघसस्था संग स्वास्थ्य मन्त्रालय HEOC मार्फत समन्वय गर्ने साथै बिरामीको उपचारमा सहयोग गर्ने बिभिन्न अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालयको टोली, जिल्ला प्रहरी प्रमुख तथा प्रहरी परिवार र बिभिन्न कार्यालय सम्बन्धित स्थानीय तह - पाँचखाल, संघसस्था, पत्रकार तथा सम्बन्धित सबैमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय धन्यवाद ज्ञापन गर्दछ |

मिति: २०७५/०५/२५
फोन HEOC: ०१-८२५०८४५
**इ-मेल** :heocmohp@gmail.com
**वेबसाइट**: heoc.mohp.gov.np

नेपाल सरकार स्वास्थ्य मन्त्रालय रामशाहपथ, काठमाडौं
चुडामणि भण्डारी
प्रमुख, स्वास्थ्य आपतकालीन तथा विपद व्यवस्थापन इकाई (HEDMU)/
Health Emergency Operation Center (HEOC)